# बर्दिया-बाढी प्रकोप २०७४

# गतिविधि

**<u>प्रस्तुतकर्ता</u>**


जिल्ला दैवी प्रकोप उद्धार समिति

बर्दिया

जिल्ला दैवी प्रकोप बर्दिया

# District Emergency Operation Centers (DEOC) Bardiya

## Bardiya District Flood Affected Areas (August 14,2017)



जिल्ला दैवी प्रकोप बर्दिया

# बिषय सूची


बर्दिया बाढी प्रकोप- २०७४ ........ ४

१. परिचयः ........ ४

२. बाढीको प्रभाव(प्रारम्भिक विवरण) ........ ५

३. आपतकालीन उद्धारमा संलग्न जनशक्ति र निकाय ........ ५

४. उद्धार गरिएको जनसंख्याः ........ ५

५. मृतक ........ ५

६. घाइते ........ ६

७. प्रारम्भिक राहत वितरण ........ ६

७.४ खानेपानी तथा सरसफाई ........ ७

७.५ स्थानीय तहबाट वितरितः ........ ७

७.६ नेपाल खाद्य संस्थानबाट प्राप्तः ........ ७

८. स्वास्थ्य शिविर संचालनः ........ ८

९ भौतिक क्षति ........ ८

१०. चुनौतीहरु ........ ८

११. अब गर्नुपर्नेः ........ ८

१२. जिल्ला दैवी प्रकोप उद्धार समितिबाट खरिद भएकोः ........ ९

१३. नगद तथा बस्तुगत सहायता प्राप्तितर्फको विवरण ........ ९

१२.१ नगद प्राप्तीः ........ ९

१३.२ बस्तुगत प्राप्ती विवरणः ........ १०

१४. वितरण विवरणः ........ ११


जिल्ला दैवी प्रकोप बर्दिया

# बर्दिया बाढी प्रकोप- २०७४

## १. परिचयः

२०७४ साल श्रावण २७ गते देखि परेको अविरल बर्षाको कारण यस जिल्ला भएर बग्ने बबई नदी र अन्य नदीहरुमा जलस्तरको मात्रा बढन गई आएको बाढीबाट उक्त नदीहरुको जलाधार क्षेत्रमा पर्ने नगरपालिक तथा गाउँपालिका अन्तरगतका गाउँबस्तीहरु र सदरमुकाम समेत जलमग्न भएको र हुलाकी राजमार्गको गुलरिया-नेपालगंज र गुलरिया-राजापुर सडक खण्डको विभिन्न ठाउँमा क्षति पुग्न गई आवागमन अवरुद्ध भएको ।

पूर्व सूचना प्रणाली अन्तर्गत बबई नदीमा पानीको तह मापन गर्न बाँसगढी नगरपालिकाको वडा नं. १ चेपाङ भन्ने स्थानमा जल तथा मौसम विज्ञान विभाग बाढी पुर्वानुमान महाशाखाबाट जडान गरिएको जलमापन केन्द्रले नदीमा पानीको सतह खतरा भन्दा माथि गएको जानकारी दिए पछि जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेको जिल्ला आपतकालिन कार्य संचालन केन्द्रले निरन्तर बाढी प्रभावित सम्भावित जोखिम युक्त समुदायमा बाढी आउनु भन्दा ३/६ घण्टा पुर्व नै सूचना गरी उक्त ठाउँको नदीहरुको जलाधार क्षेत्रमा पर्ने नगरपालिका तथा गाउँपालिका अन्तरगतका जोखिममा रहेका गाउँबस्तीका स्थानीय बासिन्दाहरुलाई सुरक्षित स्थानमा जानको लागि स्थानीय संचार माध्यम, मोवाइल एस.एम.एस. र स्थानीय प्रहरी चौकीबाट साइरन सहित सूचना गरिएको ।

समयमै सूचना गरिएको कारणबाट ठुलो धनजनको क्षति हुनबाट रोकिएको । स्थानीय प्रशासनको सूचनालाई वेवास्ता गरी आफ्नो सम्पत्तीको लोभले घर छाड्न नचाहने, नदीमा बगेर आएका काठदाउरा समाउन जाने, माछा मार्न जाने व्यक्तिहरु बाढी आइसकेपछि भाग्ने उम्कने मौका नपाई आफ्नै घर, जंगल, पुलमा थुनिएर विपदमा परेका । तथापी रातको समयमा नै स्थानीय प्रशासनको निर्देशनमा सुरक्षाकर्मीहरुको सहयोगमा जोखिमपुर्ण स्थानमा रहेका व्यक्तिहरुलाई त्यहाबाट जबरजस्ती ल्याई नगरपालिकाको हलहरु, सरकारी कार्यालयका भवनहरु, सामुदायिक भवनहरु, अन्य सुरक्षित स्थानहरुमा सारिएको ।

प्रमुख जिल्ला अधिकारीको बिशेष सक्रियतामा विपद व्यवस्थापन अन्तर्गत सूचना समन्वय तथा खोज उद्धार कलस्टर मिति २०७४/०४/२८ गते देखि नै सक्रिय भई उद्धार कार्यलाई तिब्र पारिएको ।

मिति २०७४/०४/२९ गते पशुपक्षी विकास मन्त्री माननीय सन्तकुमार चौधरी थारु र व्यवस्थापिका संसदका सदस्य माननीय मानबहादुर थारु यस जिल्लामा आई प्रभावित क्षेत्रको अवलोकन, उद्धार र राहत व्यवस्थापन गर्न सहयोग पुर्याउनु भएको थियो ।

मिति २०७४/०४/३१ गते सिंचाई मन्त्री माननीय संजयकुमार गौतम र भूमिसुधार मन्त्री माननीय गोपाल दहित तथा क्षेत्रीय प्रशासक श्री महेन्द्र प्रसाद गुरागाई र पृतनापती कर्मेन्द्र विक्रम लिंबुको संयुक्त टोली आई बाढी डुवान सम्वन्धी बस्तुस्थिति अवलोकन भई राहत वितरण सम्वन्धमा स्थानीय प्रशासनलाई निर्देशन भएको ।

बाढीको प्रकोप बढ्नासाथ उद्धार कार्यलाई तीब्र बनाइएको थियो । सोही दिन सुरक्षाकर्मी, राजनीतिकर्मी, संघसस्था, रेडक्रस, क्लवसंग सम्बद्ध व्यक्तिहरु, सर्वसाधारण समेतबाट जिल्लाका विभिन्न स्थानमा पीडितहरुको उद्धार भयो । हेलिकप्टरबाट पनि मानिसहरुलाई सुरक्षित ठाउँमा ल्याउने काम गरियो ।

उद्धार कार्यको साथ साथै सुख्खा खाना, पानी जस्ता अत्यावश्यक वस्तुहरु पीडितसम्म पुर्याउने प्रयत्न भयो । जिल्ला दैवी प्रकोप उद्धार समितिको तत्कालको निर्णयबाट हरेक आश्रय स्थल, नगरपालिका,

गाउँपालिकाहरुमा राहत वितरण गर्ने संयन्त्र बनाई क्रियाशील बनाइयो । आवागमन कठिनाई भएका स्थानहरुमामा हेलिकप्टरबाट राहत सामाग्री पुर्याउने कार्य भयो । यही सन्दर्भमा स्थानीय तहबाटै राहत सामग्रीहरु खरिद गरी वितरण गर्ने कार्य भयो । प्रारम्भ देखि नै वेपत्ताहरुको खोजी, प्राप्त शवहरुको व्यवस्थापन, मृत जनावरहरुको व्यवस्थापन लगायतका कार्यहरु सुरक्षा निकाय समेतको सहभागितामा कार्य भई रहेको ।

यसै गरी विभिन्न निकायहरुको सहयोगमा गैरखाद्य बस्तु वितरणको कार्य पनि भइरहेको छ । बिग्रिएका केही संरचनाहरु निर्माण गर्ने कार्य भइरहेका छन् । जिल्लाको मुख्य सडक गुलरिया- नेपालगंज क्षतिग्रस्त सडक अस्थायी रुपमा संचालन भईसकेको । क्षति र प्रभावित संख्या अत्यधिक रहेको कारण अझै पनि धेरै कुराहरु सम्बोधन हुन बाँकी नै रहेको छ । उपलव्ध साधन स्रोत र क्षमताको अधिकतम उपयोग गरी सबै क्षेत्रको सहयोगमा पीडितहरुसम्म पुग्ने निरन्तर प्रयत्न अहिले पनि जारी रहेको छ । धेरै सकारात्मक कार्यहरु भएका छन् तापनि वास्तविकता भन्दा परका विषयले बढी चर्चा पाइरहेको विषय भने दुःखद रहेको छ ।

## २. बाढीको प्रभाव(प्रारम्भिक विवरण)

- प्रारम्भिक आश्रयस्थल संख्याः  ४१ वटा
- आश्रयस्थलमा रहेका जनसंख्याः  २४७३४
- प्रभावित जनसंख्याः ७४३२७
- पूर्ण प्रभावित घरधुरीः २१७३
- आंशिक प्रभावित घरधुरीः ८९६२

(ठूला आश्रयस्थल बाहेक पनि सानो सानो समूह र आफन्त कहाँ समेत हजारौ पीडितले आश्रय लिएका ।)

## ३. आपतकालीन उद्धारमा संलग्न जनशक्ति र निकाय

- नेपाल प्रहरीः ३०० जना
- सशस्त्र प्रहरीः ३२५ जना
- नेपाली सेनाः  ८३  जना
- रेडक्रसः  १५० जना

(विभिन्न संघसस्था, राजनीतिकर्मी, क्लब, सर्बसाधारण समेत हजारौ संलग्न)

## ४. उद्धार गरिएको जनसंख्याः **९६०९  जना**

(हेलिकप्टरबाट ३२७ जना समेत)

## ५. मृतक

**५.१ सनाखत भएका मृतक**

| सि.न. | नाम | लिङ्ग | उमेर | ठेगाना | फेला परेको मिति |
|---|---|---|---|---|---|
| १ | साउनी थारु | म. | ७० | ठाकुरबाबा-२ | २०७४/०४/२९ |
| २ | गोविन्द थारु | पु. | ६० | ठाकुरबाबा-५ | २०७४/०४/२९ |
| ३ | बलबहादुर सिंह | पु. | ५३ | गुलरिया-२ संगमबस्ती | २०७४/०४/३० |
| ४ | राजेन्द्र थारु | पु. | २९ | बारबर्दिया-१० | २०७४/०४/३१ |

**५.२ शव प्राप्त भएको तर सनाखत हुन नसकेकाहरुको विवरण**

| क्र.सं. | विवरण | किसिम | अ.उमेर | फेला परेको ठाउँ | मिति |
|---|---|---|---|---|---|
| १ | नखुलेको | महिला | | गुलरिया-१२ मैनादिया सामिदायिक वन नजिक | २०७४/०४/३१ |

## ६. घाइते

| सि.न. | नाम | लिङ्ग | उमेर | ठेगाना | घाइते परेको मिति |
|---|---|---|---|---|---|
| १ | नरकली वि.क. | म. | ६० | बाँसगगढी-१ | २०७४/०४/२९ |
| २ | सते नेपाली | पु. | ३६ | बाँसगगढी-१ | २०७४/०४/२९ |
| ३ | भुमिसरा वि.क. | म | १८ | बाँसगगढी-१ | २०७४/०४/२९ |
| ४ | कालुराम चौधरी | पु | ३२ | गुलरिया | २०७४/०४/३० |

## ७. प्रारम्भिक राहत वितरण **२०७१/४/२९ देखि २०७१/४/३२ सम्म**

**७.१ सुख्खा खानाः**

- चिउराः ११५३ केजी
- चाउचाउः ६१८ कार्टुन
- विस्कुटः ८० कार्टुन ९९६ पाकेट
- दालमोटः १४४ केजी
- भुजाः ६६९ पोका
- पानीः १० पेटी
- पाउरोटीः २०० दर्जन
- प्र.जि.अ.को उपस्थितिमा मा.सन्तकुमार चौधरी थारुको प्रमुख आतिथ्यमा बारबर्दिया-३मा ३००० केजी तयारी खाना वितरण ।
- प्र.जि.अ.को उपस्थितिमा मा. संजय कुमार गौतमको प्रमुख आतिथ्यमा गुलरियामा तयारी खानाः १५०० केजी वितरण

**७.२ खाद्यान्न**

- चामलः ५०,००० केजी

(नेपाल सरकार, विभिन्न संघसस्था, उद्योगी, व्यापारी, सर्वसाधारण समेतको सहयोग प्राप्त भएको)

७.३ **गैरखाद्यबस्तु(NFRI) वितरणः**

| सहयोगी सस्था/निकाय | उपलव्ध सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|
| रेडक्रस | त्रिपाल | ५४ थान | |
| नेपाल युथ फाउण्डेसन | त्रिपाल | ९१थान | |
| नेपाल युथ फाउण्डेसन | नाइलन डोरी | ४ रोल | |
| नेपाल युथ फाउण्डेसन | लाइफ ज्याकेट | ५ थान | |

जिल्ला दैवी प्रकोप

### ७.४ खानेपानी तथा सरसफाई

| सस्था | वितरण सामाग्री | | |
|---|---|---|---|
| | एक्वा ट्याव्स | पियुस | हाइजिन किट |
| खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय | ७०० | २३ | ० |
| गुलरिया न.पा. | ० | १३ | ० |
| **जम्मा** | **७००** | **३६** | **०** |

**७.५ स्थानीय तहबाट वितरितः** निम्न स्थानीय तहहरुले आफ्नै स्रोतबाट निम्न मुल्य बराबरको तयारी खाना बितरण गरेको

| सि.नं. | स्थानीय तह | अनुमानित मुल्य | स्रोत |
|---|---|---|---|
| १ | गुलरिया न.पा. | २० लाख | नगर प्रमुख |
| २ | बारबर्दिया न.पा. | ५ लाख | नगर प्रमुख |
| ३ | ठाकुरबाबा न.पा. | ३५ हजार | नगर प्रमुख |
| ४ | मधुवन न.पा. | ३ लाख | नगर प्रमुख |
| ५ | बाँसगढी न.पा. | ५० हजार | नगर प्रमुख |
| ६ | राजापुर न.पा. | ० | नगर प्रमुख |
| ७ | गेरुवा गा.पा. | ० | अध्यक्ष |
| ८ | बढैयाताल गा.पा. | ० | अध्यक्ष |
| | जम्मा | २८ लाख ८५ हजार | |

**७.६ नेपाल खाद्य संस्थानबाट प्राप्तः** आधुनिक चामल कारखाना राजापुर बर्दियाबाट बाढी प्रभावितहरुलाई वितरण गर्न उपलब्ध गराउन भनिएको ६००(छ सय) कुन्टल चामल मध्ये निम्न नगरपालिका तथा गाउँपालिकाहरुमा ४५०.३० कुन्टल ढुवानी भएको ।

| सि.नं. | स्थानीय तहको नाम | प्रभावित घरधुरी संख्या | कोटामा परेको चामलको परिमाण कुन्टलमा | स्थानीय निकायमा पुगेको परिमाण कु.मा |
|---|---|---|---|---|
| १ | गुलरिया न.पा. | ४५६२ | २०५ | ९० |
| २ | बारबर्दिया न.पा. | ४५०० | २०२ | २०१.९० |
| ३ | ठाकुरबाबा न.पा. | २०४५ | ९२ | ९१.८० |
| ४ | मधुवन न.पा. | १००३ | ४५ | ४५ |
| ५ | राजापुर न.पा. | ५०० | २२ | ० |
| ६ | बाँसगढी न.पा. | ३८० | १७ | १६.८० |
| ७ | गेरुवा गा.पा. | २६५ | १२ | ० |
| ८ | बढैयाताल गा.पा. | १०७ | ५ | ४.८० |
| **जम्मा** | | **१३३६२** | **६००** | **४५०.३०** |

७.७ राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले प्रभावितहरुलाई सहयोग गर्ने चाहना व्यक्त गरिरहेका।

## ८. स्वास्थ्य शिविर संचालनः

**८.१ स्वास्थ्य शिविर संख्याः- ५**

**८.२ स्वास्थ्य शिविर संचालन भएका ठाउँहरु**

- जिल्ला अस्पताल बर्दियाबाट संचालित स्वास्थ्य शिविरबाट गुलरिया नगरपालिकाको वडा नं. ८ भादामा ७८ जना
- वडा नं. ९ गायत्री निमावी टेपरीमा ५० जना
- वडा नं. १० सुइया हाटबजारमा ३५ जना
- वडा नं. १० गयाप्रसाद चौधरीको घरमा १०० जना
- वडा नं. १२ इन्द्रपुरमा ११६ जना (हेल्थपोष्टबाट)

**८.३ जम्मा उपचार गरिएका (शिविरमा) विरामी संख्या- ३७९ जना**

**८.४ देखिएको समस्याः- साधारण रुघाखोकी, ज्वरो, चिलाउने र हातखुट्टा दुख्ने ।**

## ९ भौतिक क्षति

९.१ **कृषिः** मकै, तरकारी, माछा लयातका खाद्य कृषि बाली क्षति न्यूनतम मुल्य अनुसार ४ लाख २ हजार २९ रुपैया ४० पैसा ।

९.२ **पशुचौपायाः** चौपाया, पंक्षि तथा खोरको गरी कूल क्षेति रु. ४ करोड ९ लाख ९५ हजार ।

## १०. चुनौतीहरु

- **गैरखाद्य सामाग्रीको अपर्याप्तताः**
- **जीवन निर्वाहः**

  यति ठूलो जनसंख्यालाई खाद्यान्नको संवोधन के कसरी, कुन स्रोतबाट गर्ने भन्ने चुनौती विद्यमान छ।
- **पूर्वाधार निर्माणः**

  अरबौको पूर्वाधार/भौतिक क्षति भएको विषयलाई संबोधन गर्नु जरुरी छ । पुल, पुलेसा, तटबन्ध आदिलाई तुरुन्त सम्बोधन गर्न जरुरी देखिएको छ ।
- **पुनर्वास/पुनस्थापनाः**
- **भूमिहीन समस्याः**
- **राहत वितरण कार्यमा NGO/INGO लाई एकद्वार प्रणालीमा आबद्ध गराउन**

## ११. अब गर्नुपर्नेः

- **रोजगारी सृजनाः**

  पीडितलाई खाद्यान्न वितरण गर्दा संचालन खर्च बढ्ने तथा हैसियत भएका व्यक्तिले समेत राहतमा दावी गर्न सक्ने देखिन्छ । "कामको लागि खाद्यान्न" वा "कामको लागि नगद" कार्यक्रम सञ्चालन गर्दा त्यस्ता व्यक्ति छानिने, वास्तविक पीडित मात्र काममा संलग्न हुने, यस क्रममा उक्त संख्या निकै घट्न सक्ने हुन आउँछ र बास्तविक पीडित, गरीब मानिसहरुसंग पुग्न सहज हुने र केही पूर्वाधार समेत निर्माण हुन सक्दछ ।
- **मल, बीउ प्रविधिको उपलव्धताः**

  अन्न भण्डारको रुपमा चिनिएको बर्दियामा हालको प्रकोपबाट बाली समेतमा ठूलो क्षति पुगेको छ । खेत पटान, कटान भएको छ । यस अवस्थामा किसानलाई मल, बीउमा सहयोग प्राप्त भएमा पटान भएको

जिल्ला दैवी प्रकोप बर्दिया

क्षेत्रमा के कुन प्रविधिको प्रयोग गरेर कुन किसिमको खेती हुन सक्दछ भन्ने जानकारी दिई त्यस्तो जमीनको समेत उपयोग हुनु जरुरी छ ।

- **आवास, कृषि, पशुधनमा सहुलितपूर्ण ऋणः**
  पीडितलाई सहुलियत पूर्ण ऋण उपलब्ध भएमा आवास निर्माणमा सहयोग पुग्न जाने कृषि, पशुधनमा लगानी गरी छिटो प्रतिफल लिन सक्ने, तरकारी खेतीबाट आम्दानी हुनसक्ने भई प्रकोपको प्रभाव न्यूनीकरणमा टेवा पुग्नसक्ने देखिन्छ ।
- **पूर्वाधार निर्माणः**
  ठूलो मात्रामा भौतिक पूर्वाधारमा क्षति पुगेको हुँदा नियमित र सानो रकमबाट परिपूरण हुन नसक्ने हुँदा विशेष कार्यक्रम मार्फत् आवश्यक रुपमा पूर्वाधार निर्माणको थालनी हुनुपर्ने ।
- **पुनर्वास/पुनस्थापनाः**
- **नदी नियन्त्रणः**
  नदी नियन्त्रण कार्य आवश्यक र अत्यन्त खर्चिलो छ । JICA बाट Master Plan तयार भएको पनि बुझिन्छ । यसको लागि अति आवश्यक स्थानमा मात्र Structure बनाई अन्य स्थानमा स्थानीय प्रविधि र जनसहभागितालाई परिचालन गर्दा सहज हुने देखिन्छ ।
- **तटीय क्षेत्रको संरक्षण/ आवास नीतिः**
  नदी क्षेत्रमा हुने अतिक्रमण रोक्ने, नदीतटबाट निश्चित दूरीसम्म घर निर्माणमा रोक लगाउने, जोखिम युक्त स्थानमा वसोबास निषेध गर्ने जस्ता नीति बनाई क्रमश लागु गर्ने व्यवस्था समेत हुन जरुरी देखिन्छ ।
  - **Data Base तयारीः**
    विपतको समयमा यथार्थ तथ्याङ्क समयमै प्राप्त गर्न कठिन हुने अवस्था देखियो । एकैपरिवारका व्यक्तिले अलग अलग परिवार, घर संख्या देखाउने, परिवार संख्या बढाएर लेखाउने गर्दा तथ्याङ्क भरपर्दो र विश्वसनीय नहुने, छिटो Data Base तयार नभएमा राहत, पुनर्लाभका गतिविधि संचालन गर्न ढिलाई भई पीडित झनै पीडित बन्ने स्थिति रहन्छ ।

## १२. जिल्ला दैवी प्रकोप उद्धार समितिबाट खरिद भएकोः

सुख्खा खाना खरिद जम्मा रकम रु. १ लाख ३५ हजार ।

## १३. नगद तथा बस्तुगत सहायता प्राप्तितर्फको विवरण

**१२.१ नगद प्राप्तीः** युनिक नेपालबाट रु. ५५००००/-

जिल्ला दैवी प्रकोप उद्धार

## १३.२ बस्तुगत प्राप्ती विवरणः

| क.सं. | सामग्री प्रदान गर्ने निकाय | सामग्री प्राप्त गरिएको मिति | सामग्रीको विवरण तथा मात्रा | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चाउचाउ कार्टुन | चाउचाउ भुजिया के.जी. | चिउरा ( के.जि.) | नमकिन | भुजा पोका | पानी बोटल | बिस्कुट कार्टुन | चिनी के.जी. | नुन के.जी. | चामल (के.जि.) | तेल पेटी | दाल के.जी. | लाईफ ज्याकेट | त्रिपाल | लाईलन डोरी रोल |
| १ | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | २०७४।०४।२९ | १० | | ७० | १० | १० | २४ | | | | | | | | | |
| २ | कृष्णांश डिंकींग वाटर एण्ड बेभरेज ईन्डस्टीज गूलरिया | २०७४।०४।३० | ० | | १२.५ | | | ६० | | | | | | | | | |
| ३ | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | २०७४।०४।३१ | २०० | | | | | | ३६ | | | | | | | | |
| ४ | बम्हकुमारी ईश्वरीय विश्वविद्यालय | २०७४।४।३० | ० | | | | | १८० | | | | | | | | | |
| ५ | नेपाल युथ फाउण्डेसन क्षेत्रीय कार्यालय नेपालगंज | २०७४।४।३१ | २० | | ४०० | | | | १२५ | ५० | २५ | | | | ५ | ९१ | ४ |
| ६ | सिजि फुड सेन्टर बांसगढी | २०७४।४।३२ | ० | १००० | | | | | | | | | | | | | |
| ७ | नेपाल निजामति कर्मचारी संगठन | २०७४।४।३२ | ० | | | | | | | | | ७५० | ३ | ५० | | | |
| ८ | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | २०७४।४।३२ | | | | | | | | | | ५००० | | | | | |
| ९ | नेपाल खाद्य संस्थान राजापुर बर्दिया | २०७४।४।३२ | | | | | | | | | | ४५०३० | | | | | |
| जम्मा | | | २३० | १००० | ४८२.५ | १० | १० | २६४ | १६१ | ५० | २५ | ५०७८० | ३ | ५० | ५ | ९१ | ४ |

## १४. वितरण विवरणः

| क.सं. | सामग्री प्रदान गर्ने निकाय | वितरण गर्ने निकाय | वितरण गरिएको | | सामग्रीको विवरण तथा मात्रा | | | | | | | | | | | | | | | लाभान्वित परिवार | लाभान्वित जनसख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | स्थान | चाउचाउ पेटी | चाउचाउ भुजिया केजी | भुजा पोका | चिउरा के.जी. | चिउरा, भुजा मिक्स के.जि. | नमकिन ( प्याकेट) | पानी बोटल | बिस्कुट कार्टुन | चिनी केजी | नुन | तेल | लाईफ ज्याकेट थान | त्रिपाल थान | दाल केजी | चामल ( के.जि. ) | | |
| १ | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | २०७४।०४।२९ | आर्मी ब्यारेक | ७ | | ७ | | | ९ | | | | | | | | | | | |
| २ | कृष्णांश डिंकींग वाटर एण्ड बेभरेज ईन्डस्टीज गुलरिया | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | २०७४।०४।३० | भादा पुल | | | | | १०.५ | | | | | | | | | | | | २१६ |
| ३ | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | गुलरिया न.पा | २०७४।०४।३१ | | १०० | | | | | | | १५ | | | | | | | | | |
| ४ | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | गुलरिया न.पा | २०७४।०४।३१ | पशुहाटको छेउमा सडक उद्धारकमीहरुलाई | २ | | | | | | ३६ | १ | | | | | | | | | |
| ४ | नेपाल यूथ फाउण्डेसन नेपालगंज | मधुवन न.पा. | २०७४।४।३१ | | १० | | | २०० | | | | ७ | २० | २५ | | | ३५ | | | ४५० | |
| ५ | नेपाल युथ फाउण्डेसन नेपालगंज | जिल्ला प्रहरी कार्यालय | २०७४।४।३१ | | | | | | | | | | | | | ५ | | | | | |
| ६ | नेपाल युथ फाउण्डेसन नेपालगंज | गुलरिया नगरपालिका कार्यालय | २०७४।४।३१ | | | | | | | | | | | | | | १० | | | | |
| ७ | जिल्ला दैवी प्रकोप उद्धार समिति, बर्दिया | बारबर्दिया न.पा. | २०७४।४।३१ | | १०० | | | | | | | | | | | | | | | | |
| ८ | नेपाल युथ फाउण्डेसन नेपालगंज | बारबर्दिया न.पा. | २०७४।४।३१ | | | | | | | | | २० | ३० | | | | ३६ | | | | |
| ९ | सिजि फूड्स ईन्टरप्राईजेज बांसगढी | गुलरिया नगरपालिका कार्यालय | २०७४।४।३२ | | | ३६० | | | | | | | | | | | | | | | |
| १० | सिजि फूड्स ईन्टरप्राईजेज बांसगढी | बारबर्दिया न.पा. | २०७४।४।३२ | | | ५०० | | | | | | | | | | | | | | | |
| ११ | नेपाल कर्मचारी संगठन | गुलरिया न.पा | २०७४।४।३२ | | | | | | | | | | | | | | | ५० | ७५० | | |
| जम्मा | | | | | २१९ | ८६० | ७ | २०० | ० | ९ | ३६ | ४३ | ५० | २५ | ० | ५ | ८१ | ५० | ७५० | ४५० | २१६ |

-समाप्त -